**लक्ष्मी बैंक लिमिटेडको**

**नवौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र कुमार खेतानज्यूको सभापतित्वमा बैंकको नवौं वार्षिक साधारणसभा मिति २०६६।०९।२६ गते (तदनुसार जनवरी १०, २०१०) आइतवार दिनको ११:०० बजे देखि २:०० बजे सम्म नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौमा सुसम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

**१. उपस्थितिः**

**(क) सञ्चालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री राजेन्द्र कुमार खेतान | अध्यक्ष |
| २) | श्री चन्द्र प्रकाश खेतान | सञ्चालक |
| ३) | श्री रतन लाल संघई | सञ्चालक |
| ४) | श्री ऋषिराम गौतम | सञ्चालक |
| ५) | श्री जीवनराज कँडेल | सञ्चालक |
| ६) | श्री शम्भु प्रसाद आचार्य | (व्यवसायिक सञ्चालक) |

सञ्चालक द्वय श्री भोलावावु अधिकारी र श्री गोपिकृष्ण सिकरिया व्यक्तिगत कारणले सभामा उपस्थित हुन सक्नु भएन ।

**(ख) अन्य पदाधिकारीहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री मधुसुदन अग्रवाल | सल्लाहकार |
| २) | श्री सुमन जोशी | प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री भुवनेश्वर प्रसाद शाह | कम्पनी सचिव/कर्पोरेट अफेयर्स डाइरेक्टर |
| ४) | श्री भुवल राई | प्रमुख- सञ्चालन जोखिम/शुशासन |
| ५) | श्री अजय शाह | प्रमुख – उपभोक्ता वित्तीय सेवा/रणनीति |
| ६) | श्री जीवन लिम्वु | प्रमुख – सूचना प्रविधि अधिकृत |
| ७) | श्री निर्मल दाहाल | प्रमुख – कर्जा जोखिम |
| ८) | श्री सुमेद भट्टराई | प्रमुख – कर्पोरेट बैंकिङ्ग |
| ९) | श्री पियुष राज अर्याल | प्रमुख – वित्त तथा कोष |
| १०) | श्री अमित शर्मा | प्रवन्धक मानव शंसाधन |
| ११) | श्री समीर शर्मा | कानूनी सल्लाहकार |

**(ग) शेयरधनीहरुको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्याः | ३१८ | जना |
| | (क) शेयरधनी स्वयंबाट | ३०६ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | १२ | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | १,१७,२३,०३५ | कित्ता |

३) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत ७६.४४ प्रतिशत

(घ) यो सभाको मिति सम्ममा कायम रहेका जम्मा १०,६२६ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

२. **छलफलका विषयहरु:**

**(क) <u>सामान्य प्रस्ताव:</u>**

(१) अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५/०६६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिमको नगद लाभांश स्वीकृत गर्ने ।

(४) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०६६/०६७ को लागि लेखा परीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

(५) बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रु. १,६१,४१,८६,५००/ (अक्षरेपी एक अर्व एकसट्ठी करोड एकचालिस लाख छयासी हजार पाँच सय) पुर्‍याउने ।

**(ख) <u>विशेष प्रस्ताव:</u>**

(१) बैंकको अधिकृत पूंजी वृद्धि गरी रु. २,००,००,००,०००/– (अक्षरेपी दुई अर्व) पुर्‍याउने ।

(२) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम ५ प्रतिशत वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

(३) बैंकको प्रवन्ध पत्रको संशोधन पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुने पदाधिकारीलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

३. **सूचना प्रकाशन:**

सञ्चालक समितिको मिति २०६६ साल मंसीर महिना २६ गते तदनुसार ११ डिसेम्वर २००९ मा बसेको ९४ औं बैठकको निर्णयानुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी बैंकको नवौं वार्षिक साधारण सभा मिति २०६६ पौष २६ (१० जनवरी २०१०) मा वस्ने सूचना तथा बैंकको नवौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०६६ पौष ०१ गते र २०६६ पौष ०२ गतेमा क्रमशः नेपाल समाचारपत्र र कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाहरुमा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो र बैंकको Web Site मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. **गणपुरक संख्या:**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १०६२६ | ३०६ | १२ | ३१८ | – |
| शेयर संख्या | १,५३,३६,७०८ | ८०,८१,३१९ | ३६,४१,७१६ | १,१७,२३,०३५ | ७६.४४ |

५. **सभाको बैधानिकता तथा सभापतित्व:**

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त

रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र कुमार खेतानज्यूलाई वैधानिक प्रकृया पुरा भएकोले सभा संचालन गर्न अनुरोध गर्नुभयो ।

६. **सभा संञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

बैंकका अध्यक्ष एवं सभाका सभापति श्री राजेन्द्र कुमार खेतानज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो ।

तत्पश्चात सभापतिज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको बैंकको आ.ब. २०६५/२०६६ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो विचार, मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

| | | | | |
|---|---|---|---|---|
| १. | डा. माधव कुमार श्रेष्ठ | | ८. | श्री डमरु वल्लभ घिमिरे |
| २. | श्री राजेश शाक्य | | ९. | श्री मेजर कुवेर श्रेष्ठ |
| ३. | श्री दामोदर रेग्मी | | १०. | श्री रामलाल श्रेष्ठ |
| ४. | श्री महेन्द्र श्रेष्ठ | | ११. | श्री लभ राज जोशी |
| ५. | श्री अमृत नाथ रेग्मी | | १२. | श्री जयन्द्रमान सिंह वानियाँ |
| ६. | श्री सन्दरलाल श्रेष्ठ | | १३. | श्री रामगोपाल महर्जन |
| ७. | श्री अशोक उप्रेती | | १४. | श्री नारायण सुन्दर श्रेष्ठ |

८. शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरुको वारेमा अध्यक्षज्यू र अध्यक्षज्यूको आदेशमा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम जवाफ दिनु भयो ।

१. आगामी वर्षको खुद नाफा र वृद्धि लक्ष (Net Profit Target, Growth Targets) के कति हो ?
बैंकले आर्थिक वर्षको सुरुवात हुनु अगावै आगामी बर्षको लागि वजेट (Strategic Financial Plan) तर्जुमा गर्दछ जसमा सञ्चालन मुनाफा, निक्षेप, कर्जा लगानी आदि समेतको लक्ष निर्धारण गरिएको हुन्छ । त्यसरी निर्धारित लक्ष अर्न्तगत प्राप्त गरिएको वास्तविक परिणाम माथि सञ्चालक समितिले मासिक रुपमा छलफल गरी आवश्यकता अनुसार व्यवस्थापनलाई निर्देशन दिने गर्दछ ।

२. ०६६/०६७ को पहिलो त्रैमासिकको परिणाम राम्रो छ ।

धन्यवाद ।

३. बैंकको नाफा कर्मचारीमा निर्भर रहन्छ । कर्मचारी वढे पनि तालिम खर्च घटेको देखियो किन ? कर्मचारीको लागि पर्याप्त तालिमको व्यवस्था हुनु पर्दछ ।

अघिल्लो वर्ष विदेशमा कर्मचारीलाई तालिमको लागि पठाइएको खर्च समावेश भएको थियो त्यसले गर्दा तुलनात्मक रुपमा यस वर्ष तालिम खर्च घटेको देखिएको हो । कर्मचारीलाई तालिम दिने कार्य निरन्तर रुपमा भई रहनेछ ।

४. नेपाल राष्ट्र बैंकले यस बैंकको निरिक्षण सम्पन्न गरको छ छैन जानकारी गराई दिनु पर्‍यो ।

नेपाल राष्ट्र बैंकले यस बैंकको आवधिक रुपमा निरीक्षण गरी दिएको नीरिक्षण प्रतिवेदनमा कुनै गम्भिर प्रकृतिका कैफियतहरु नभएको जानकारी गराउछु ।

५. हिमालयन डिष्टिलरीको मुद्धाको स्थिति के छ ?

यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको छ ।

६. हाल मुलुकमा तरलताको अभाव रहेको समाचारहरु आई रहेका छन् । बैंकको तरलताको स्थिति वारे प्रकाश पारिदिनु होला ।

बैंकले कारोवारको सिलसिलामा आवश्यक पर्ने पर्याप्त तरलता कायम राखेको छ ।

७. विदेशी बैंकहरुले नेपालमा शाखा खोल्दा बैंकिङ्ग क्षेत्रमा प्रतिष्पर्धा वढ्ने छ । यस सन्दर्भमा बैंकले अनुसन्धान तथा विकास कार्यक्रम (Research and Development program) ल्याउनु पर्दछ ।

सुझावको लागि धन्यवाद ।

८. पुरस्कार र सजायको सिद्धान्त अवलम्वन गर्नु पर्दछ ।

राम्रो काम गर्नेलाई पुरस्कार र खराव आचरण गर्नेलाई सजायको नीति बैंकले अवलम्वन गर्दै आएको छ ।

९. वोनस शेयर ७ प्रतिशत हो की ५ प्रतिशत स्पष्ट पार्नु पर्‍यो ?

बैंकले १०:४ को दरले हकप्रद शेयर निश्काशन गरे पछि कायम रहेको पूंजीमा ५ प्रतिशतका दरले वोनस शेयर दिने व्यहोरा प्रष्ट्याउछु ।

१०. बैंकको रजिष्टर्ड कार्यालयको ठेगाना, फोन नम्वर आदि प्रतिवेदनमा उल्लेख गर्नु पर्छ ?

सुझावको लागि धन्यवाद ।

११. वन्द नभएको भए धेरै शेयरधनीहरु सभामा सहभागी हुने थिए । यसवाट बैंकको राम्रो पक्षको सन्देश धेरै शेयरधनीमा जाने थियो ।

सञ्चालक समितिले साधारणसभा गर्ने मिति तय गर्दा वन्द आव्हान भएको थिएन । साधारणसभा गर्ने मिति र स्थान तय भए पश्चात वन्द आव्हान भएको हो ।

१२ खर्च बढेको छ, निक्षेप, कर्जा लगानी बढेको छ, कर्जा लगानी र निक्षेपको अनुपात पनि ठिकै देखिन्छ तर पनि नतिजा उत्साहप्रद देखिएन । वोनस शेयरको दर २० प्रतिशतबाट ५ प्रतिशतमा झरेको छ । धान्न सक्ने गरी मात्र खर्च गरिएमा शेयरधनीहरुलाई राम्रो प्रतिफल दिन सकिने थियो ।

गत वर्षको २० प्रतिशत वोनस शेयर भनेको विगत ६ आर्थिक वर्षको नाफावाट एकमुष्ट रुपमा प्रदान गरिएको हो । यस वर्षको ५ प्रतिशत वोनस शेयर बैंकले हकप्रद शेयर जारी गरे पश्चात कायम रहेको १ अर्व त्रिपन्न करोडको पूंजीमा दिइएको हो । बैंकले पर्याप्त प्रतिफल दिने तर्फ निरन्तर प्रयास गर्ने छ । खर्च कम गर्ने सुझावको लागि धन्यवाद ।

१३. साधारण सभा गर्न पौष पर्खिनु भन्दा दशैं अगावै भए राम्रो हुने थियो ।

साधारणसभा कानूनी दायरा भित्र छिटो सम्पन्न गर्ने कोशिष बैंकको सदैव रहेको छ । यस वर्ष हकप्रद शेयर निश्काशन गरी शेयर वाँडफाँड पश्चात गर्नु परेकोले पौषमा पुगेको हो ।

१४. शेयरधनीहरुलाई लक्षित गरी निक्षेप योजनाहरु ल्याईयोस जसमा विमा तथा अन्य सुविधाहरु हुन् ।

शेयरधनीहरुको लागि तुलनात्मक रुपमा अन्य खातामा भन्दा थप सेवा र सुविधा भएको इन्भेष्टर एकाउण्ट खोल्न सक्ने व्यवस्था गत वर्ष देखि नै सुरुवात गरिएको छ ।

१५. वैंकले प्राइम लाइफ इन्सुरेन्समा गरेको लगानीको प्रतिफल कहिले प्राप्त गर्छ ?

प्राइम लाइफमा गरेको लगानी दीर्घकालीन प्रकृतिको भएकोले उचित समयमा यसवाट प्रतिफल प्राप्त हुनेमा शेयरधनीहरुलाई आस्वस्थ तुल्याउछु ।

१६. कर्जा तथा लगानीको अनुपात कति राख्ने लगायत आफ्ना सवल पक्षहरु र कमजोरीहरु माथि गहन छलफल गर्नु पर्छ ।

व्यवस्थापनले यस सम्वन्धि उचित निर्णयहरु लिएर कारोवार गर्ने गर्दछ ।

१७. हाइसेफ देखिका शेयरधनीहरुले लाभांश बुझिलिन अझसम्म बांकी रहेको देखिन्छ । लाभांश बुझिलिन वांकी शेयरधनीहरुलाई सूचनाको प्रवन्ध गर्नु पर्दछ ।

लाभांश बुझिलिन वांकी शेयरधनीहरुको सूचि सभास्थलमा टाँसिएको छ । शेयरधनीहरुलाई लाभांश बुझिलिने वातावरण तयार गर्न अझ शशक्त रुपमा कार्य गर्न कम्पनी सचिवलाई निर्देशन दिन्छु ।

१८. नेपाल बैंकको शेयरमा गरिएको लगानीबाट कस्तो प्रतिफलको आशा गर्न सकिन्छ ?

यस लगानीवाट तत्कालै प्रतिफल पाउन सकिने देखिएको छैन । यी शेयरहरु डिलिस्टिङ्ग भएकोले उक्त लगानीमा बैंकले शतप्रतिशत नोक्सानी व्यवस्था गरेको छ । नेपाल बैंकको शेयर पुन सुचिकृत भए पछि बिक्री गर्दा प्राप्त हुने सम्पूर्ण रकम बैंकको नाफामा जानेछ ।

१९. निक्षेपमा लागत घटाउनका लागि मुद्धति भन्दा बचत खाता प्रवर्द्धन गर्नु पर्‍यो ।

बैंकले वचत खाता प्रवर्द्धन गर्न समय समयमा नयाँ नयाँ निक्षेप योजनाहरु ल्याएको छ । यस कार्यलाई अझ तिव्रता दिइनेछ ।

२०. अपलेखित कर्जा कस्ता हुन र असुलीको प्रयास किन भएन ।

असुलीको पर्याप्त उपायहरु अवलम्वन गरि सके पछि असुल हुन नसकेका र बैंकले आफ्नो कितावमा शत प्रतिशत नोक्शानी व्यवस्था गरिएका कर्जाहरु बैंकको कर्जा असुलीको अधिकारलाई कायमै राखी अपलेखन गरिएका छन् ।

२१. वोनस शेयर र हकप्रद शेयरको भिन्न अंक (Fraction) लाई कसरी मिलाउने ?

वोनस शेयरमा आउने भिन्न अंकलाई शेयरधनी कै नाममा अभिलेख राखी पछि बैंकले लाभांश (स्टक वा नगद) दिंदाका वखतमा समायोजन गरिने छ । हकप्रद शेयरको भिन्न अंकलाई ०.५ भन्दा माथि १ र सो भन्दा तल शुन्य गरी जारी गरिएको छ ।

२२. आगामी वर्षहरुमा १० प्रतिशत भन्दा कम लाभांश नगर्नु राम्रो ।

सुझावको लागि धन्यवाद । वढी प्रतिफल दिने प्रयास बैंकले सदैव गर्ने छ ।

२३. पूँजी पलायनलाई बैंकले कसरी तान्ने रणनीति बनाउने योजना आउनु पर्‍यो ।

सुझावको लागि धन्यवाद ।

२४. तल्लोतहका कर्मचारीहरुलाई औषधोपचार विमा गर्ने व्यवस्था गर्नु पर्‍यो ।

सुझावको लागि धन्यवाद । सवै कर्मचारीहरुलाई वर्षको अन्तमा एक महिनाको वेसिक तलव वरावरको रकम औषधोपचार खर्चको रुपमा उपलव्ध गराउदै आइएको छ ।

२५. कानूनी खर्च किन वढ्यो ?

बैंक सञ्चालनमा आएको आठ वर्ष भइसकेको अवस्थामा कानूनी सल्लाह लिनु पर्ने विषयहरु वढ्दै गएकाले कानूनी खर्चमा सामान्य वृद्धि हुनु स्वभाविक हो ।

२६. AGM को खर्च कसरी १० लाख भयो ?

वार्षिक प्रतिवेदन अंग्रेजी भाषामा समेत प्रकाशन गरिने, सभा वीरगञ्जमा गर्दा सम्वन्धित कर्मचारी आउने जाने सवै किसिमको खर्चका अतिरिक्त गत वर्ष सञ्चालक समितिको निर्वाचन भएको कारण समेतले खर्च वढ्न गएको हो ।

२७. घर कर्जा र रियल इस्टेटमा गरिएको लगानी कत्तिको जोखिमपूर्ण रहेको छ ?

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशानुसार आफ्नो काम कारवाही गरेको र उक्त दुवै लगानीहरु तोकिएको सिमा भित्रै रहेको छ । बैंकले राम्रो जोखिम व्यवस्थापन गरी कर्जा लगानी गर्ने गरेको छ ।

२८. सुन चाँदीको कारोवार गर्दा राम्रो हुने हो कि ?

सुझावका लागि धन्यवाद । यसको सम्भाव्यता अध्ययन गरी ठीक देखिएमा गरिने छ ।

२९. Corporate Social Responsibility अन्तर्गत जरुरतमन्द व्यक्तिलाई छात्रवृत्ति, निशुल्क स्वस्थ्य जांच सिविर आदि गर्नु पर्‍यो ।

सुझावको लागि धन्यवाद ।

३०. आगामी योजनाहरु (Schemes) पनि वार्षिक प्रतिवेदनमा राखे अझ राम्रो हुने थियो ।

सुझावको लागि धन्यवाद । सञ्चालक समितिको प्रतिवेदनको पेज नं ७ मा यस सम्वन्धि उल्लेख गरिएको छ ।

३१. प्रतित पत्र कारोवार किन घट्यो ?

प्रतितपत्र कारोवार छोटो अवधिको कारोवार हुने हुंदा वर्ष भरिनै थपघट भइरहन्छ । हाल प्रतित पत्र वांकी २ अर्व जति छ ।

३२. सुरक्षा र विज्ञापन खर्च घटाउनु पर्छ ।

सुझावको लागि धन्यवाद ।

३३. बैंकले विदेशी मुद्रा निक्षेप बढाउनको लागि थप प्रयास गर्नुपर्‍यो ।

सुझावको लागि धन्यवाद । यस्ता निक्षेपहरु बृद्धि गर्नेतर्फ बैंक सदैव प्रयासरत छ ।

सवै वक्ताहरुले काठमाण्डौमा साधारण सभा गरेर राम्रो सुरुवात गरेकोमा सञ्चालक समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो साथै आगामी साधारणसभा पनि नियमनकारी निकायसंग समन्वय गरी आवश्यक स्वीकृति लिई काठमाण्डौमा गर्न अनुरोध गर्नु भयो ।
अध्यक्षज्यूबाट शेयरधनी डा. माधव कुमार श्रेष्ठको CORPORATE LEADERSHIP सम्बन्धी सुझावको अभिलेख कम्पनी सचिवको कार्यालयमा राखिने व्यहोराको जानकारी सभालाई दिनुभयो ।

**९. प्रस्ताव माथि छलफल तथा निर्णयहरुः**

**(क) सामान्य प्रस्तावः**

(१) अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन पारित गर्ने :
सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५/०६६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने :
सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५/०६६ को नाफा–नोक्सान हिसाव तथा नगद प्रवाह विवरण माथि छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिमको नगद लाभांश स्वीकृत गर्नेः
वोनस शेयर वापत शेयरधनीहरुले प्रचलित कानून वमोजिम बुझाउनु पर्ने करको रकम वरावरको नगद लाभांश वितरण गर्न सञ्चालक समितिले सिफारिस गरे बमोजिम रु. ४०,१०,५२७/- (अक्षरेपी

चालिस लाख दश हजार पाँच सय सत्ताईस रुपैयां) नगद लाभांशको रुपमा स्वीकृत गर्न सभापतिज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

(४) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०६६/०६७ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

बैंकको लेखा परीक्षण समितिको सिफारिस अनुसार श्री शशी सत्याल एण्ड कम्पनी चाटर्ड एकाउण्टेण्टस्लाई आ.ब. २०६६/०६७ को लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखा परीक्षण, कर लेखा परीक्षण, लंगफर्म अडिट समेत गर्नका लागि भ्याट तथा अन्य विविध खर्च वाहेक रु. ४००,०००/- पारिश्रमिक प्रदान गर्न सर्वसम्मतीबाट निर्णय पारित गरियो ।

(५) बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रु. १,६१,४१,८६,५००/ (अक्षरेपी एक अर्व एकसट्ठी करोड एकचालिस लाख छयासी हजार पाँच सय) पुर्‍याउने:

बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रु. १,६१,४१,८६,५००/ पुर्‍याउने प्रस्ताव माथि विस्त्रित छलफल गर्दा बैंकले १०:४ का दरले हकप्रद शेयर जारी गरी कायम पूंजीमा ५ प्रतिशतका दरले वोनस शेयर जारी गर्दा रु. १,६१,३५,२०,५००/ मात्र पूजी कायम हुन जाने भएकोले बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रु. १,६१,३५,२०,५००/ (अक्षरेपी एक अर्व एकसट्ठी करोड पैंतीस लाख वीस हजार पांच सय) पुर्‍याउन सर्वसम्मतिवाट निर्णय पारित गरियो ।

**(ख) विशेष प्रस्ताव:**

(१) बैंकको अधिकृत पूंजी वृद्धि गरी रु. २,००,००,००,०००/– (अक्षरेपी दुई अर्व) पुर्‍याउने:

बैंकको अधिकृत पूंजी वृद्धि गर्ने प्रस्ताव माथि छलफल गरी रु. २,००,००,००,०००/– (अक्षरेपी दुई अर्व) पुर्‍याउने निर्णय पारित गरियो ।

(२) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम ५ प्रतिशत वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

बैंकले १०:४ का दरले गरेको हकप्रद शेयर निश्काशन पश्चात कायम पूंजीमा ५ प्रतिशतका दरले अर्थात प्रत्येक वीस शेयर वरावर एक शेयरका दरले वोनस शेयर जारी गर्ने निर्णय सर्वसम्मतिवाट पारित गरियो । वोनस शेयर जारी गर्दा आउने भिन्न (Fraction) अंकलाई सम्वन्धित शेयरधनीको नाममा नै अभिलेख राखी आगामी वर्षहरुमा जारी गरिने लाभांश (नगद वा स्टक) मा समायोजन गर्ने सर्वसम्मतिवाट निर्णय पारित गरियो ।

यस सम्वन्धमा कुनै वाधा अड्काउ आइ परेमा वाधा अड्काउ फुकाउने लगायत अन्य प्रकृयाहरु वारे निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने समेत निर्णय सर्वसम्मतीले पारित गरियो ।

(३) बैंकको प्रवन्ध पत्रको संशोधन पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुने पदाधिकारीलाई अख्तियारी दिने ।

बैंकको प्रवन्धपत्रको प्रस्तावित संशोधन माथि छलफल गर्दा बैंकको प्रवन्धपत्रको दफा ४ (च) (५), दफा ४ (च) (२४), ४ (च) (३५), मा देहाय वमोजिमको संशोधन गर्ने, त्यसै गरी दफा ४ (च) (४२) र ४ (च) (४३) थप गर्ने एवं माथि सामान्य प्रस्ताव नं. ५, विशेष प्रस्ताव नं. १ र २ मा भएको निर्णय अनुसार बैंकको प्रवन्ध पत्रको दफा ५ को खण्ड (क), (ख) र (ग) मा देहाय वमोजिमको संशोधन पारित गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| ४ (च) (५) | नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशनको अधीनमा रही आफै वा आफ्नो सहायक कम्पनी मार्फत म्यूचुअल फण्ड, धितोपत्रको प्रत्याभूति, लगानी परामर्श तथा लगानी व्यवस्थापन सेवा, भेञ्चर क्यापिटल, लगायतका मर्चेण्ट बैकिङ्ग कारोवार गर्ने, |
| ४ (च) (२४) | नेपाल राष्ट्र बैङ्कले तोकिदिएको सीमाभित्र रही शेयर, नयां निश्काशन (फर्दर पब्लिक इस्यू), डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूंजी परिचालन गर्ने, |
| ४ (च) (३५) | बैङ्कले नेपाल राष्ट्र बैङ्कको निर्देशनको अधीनमा रही सेवा उद्योग वा कुनै सम्भाव्य व्यवसायको प्रवर्द्धन गर्ने र त्यस्ता उद्योगमा लगानी गर्ने, प्रवन्धपत्रमा उल्लेखित उद्येश्य पुरा गर्न आवश्यकता अनुसार सहायक कम्पनी संस्थापना गरी सञ्चालन गर्ने । |
| ४ (च) (४२) | नेपाल राष्ट्र बैंकको पूर्वस्विकृति लिई विदेशमा पूंजीगत लगानी नहुने गरी गैन्ह कोषमा आधारित विभिन्न प्राविधिक सेवा (Technical Service) विदेशी बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गर्न सकिने छ । |
| ४ (च) (४३) | केन्द्रीय निक्षेप प्रणाली (Central Depository System) को काम गर्ने संगठित संस्थामा लगानी गर्ने । |
| ५ (क) | यस बैङ्कको अधिकृत पूंजी रु. २,००,००,००,०००। (अक्षरेपी दुई अर्ब) हुनेछ । उक्त पूंजीलाई रु. १००/- (एक सय रुपैयां) का दरका २,००,००,००० (दुई करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५ (ख) | बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु. १,६१,३५,२०,५००/ (अक्षरेपी एक अर्व एकसट्ठी करोड पैंतीस लाख वीस हजार पांच सय मात्र) हुनेछ । |
| ५ (ग) | बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु. १,६१,३५,२०,५००/ (अक्षरेपी एक अर्व एकसट्ठी करोड पैंतीस लाख वीस हजार पांच सय मात्र) हुनेछ । |

साथै उल्लेखित पारित प्रवन्धपत्रमा भएको संशोधन अभिलेख गराउने क्रममा नियमन निकायहरुबाट कुनै थपघट हुने भएमा सञ्चालक समितिमा छलफल गरी थपघट गर्ने गरी सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार दिने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

१०. **धन्यवाद ज्ञापनः**

विविध शिर्षक अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु तथा अन्य पदाधिकारीहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| .................................... | .................................... |
| भुवनेश्वर प्रसाद शाह | राजेन्द्र कुमार खेतान |
| कम्पनी सचिव | सभापति/सं.समितिका अध्यक्ष |

मितिः २०६६/०९/२६